# महालक्ष्मी राजपत्र

## संख्याः१

### भागः १ मिति :२०८०/१०/२०

# महालक्ष्मी नगरपालिका, ललितपुर

## महालक्ष्मी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा संचालन ऐन,२०८०

(१५औं नगर सभाबाट मिति २०८०/१०/१५ मा पारित)

महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मुद्रित

# महालक्ष्मी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा संचालन ऐन, २०८०

महालक्ष्मी नगरपालिका ललितपुरको नगर प्रहरी गठन, सञ्चालन, व्यवस्थापन, नियमन गरी सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिकामा सुशासन स्थापित गर्दै नगरपालिकालाई न्याय र सुरक्षाको प्रत्याभुति गर्नको लागि प्रतिस्पर्धाको आधारमा नगर प्रहरीको व्यवस्थापन गरी संविधान र प्रचलित कानूनी व्यवस्था बमोजिम नगरपालिकाको कार्यजिम्मेवारी कार्यान्वयनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम महालक्ष्मी नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "महालक्ष्मी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन ऐन, २०८० सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) “नगर प्रहरी” भन्नाले ऐन बमोजिम सेवा करारमा नियुक्त भएका नगर प्रहरी लाई सम्झनु पर्दछ ।

ङ) “समिति” भन्नाले दफा ६(२) बमोजिमको पदपूर्ती समितिलाई सम्झनुपर्दछ ।

च) “नगरपालिका” भन्नाले महालक्ष्मी नगरपालिकालाई सम्झनु पर्दछ ।

छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको कार्य गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. **नगरपालिका र नगर प्रहरीको सम्बन्ध :** नगर कार्यपालिकाको कार्यालय मातहत रहने गरी नगर प्रहरी रहनेछ । नगर प्रहरी प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ । नगर प्रहरी नगर कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

४. **नगरपालिकामा रहने नगर प्रहरीको संख्या, पद र तह :**

(१) नगरपालिकामा रहने नगर प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु:** देहायका कार्यमा सहयोग पुर्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सकिनेछ;

१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

२) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्तिको सुरक्षा,

३) नगरपालिकाभित्र हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्व सुरक्षा व्यवस्थापन,

४) पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

५) सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

६) न्यायिक समितिले गरेका निर्णय तथा मिलापत्रको कार्यान्वयन,

७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

८) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०) वडा समिति, टोल सुधार/विकास समिति तथा समुदाय सँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पतिको अतिक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउने

१२) नगर क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यलाई प्रतिबन्ध लगाउने ।

१३) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला आदि जस्ता कार्यक्रमहरुमा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम सुरक्षा लगायतका अन्य जिम्मेवारी निर्वाह गर्ने ।

१४) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

१५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस जस्ता व्यवसायिक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा नगरपालिकामा जानकारी गराउने ।

१६) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुमपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने ।

१७) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

१८) बजार क्षेत्रमा तीव्र गतिको सवारी साधनहरु नियन्त्रण र अव्यवस्थित पार्किङ्ग नियन्त्रण गर्ने र आवश्यकतानुसार अन्य सुरक्षा निकायसँग समन्वय गर्ने ।

१९) एम्बुलेन्स, दमकल, विपद व्यवस्थापन, आकस्मिक उद्दार जस्ता सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी आवश्यकता अनुसार तुरुन्त सेवा प्रदान गर्ने कार्यमा पुर्‍याउने ।

२०) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि आदेश बमोजिम तुरुन्त खटि जाने ।

२१) नगरपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२२) आर्थिक ऐनमा तोकिएको जरिवाना संकलन गर्ने ।

२३) कार्यालयबाट प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२४) छाडा कुकुर/ पशुको नियन्त्रण व्यवस्थापनमा सहयोग पुऱ्याउने

२५) मरे सडे गलेका जीवजन्तु वा अन्य वस्तुहरुको उचित व्यवस्थापनमा सहयोग पुऱ्याउने

२६) नगर क्षेत्रभित्र संचालित प्रचलित कानूनले गर्न पाउने पेशा व्यवसाय गरेकोमा त्यस्ता व्यवसायको दर्ता गराउने ।

२७) कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने र गराउने ।

## परिच्छेद-४
## पदपूर्ती र योग्यता

६. **पद श्रृजना तथा दरवन्दी खारेज :** (१) नगरपालिकामा रहने नगर प्रहरीको पद श्रृजना तथा दरबन्दी खारेज देहाय बमोजिम हुनेछः

क) नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर कार्यपालिकाको सिफारिसमा नगर सभाले निर्णय गरे वमोजिम हुनेछ ।

ख) दरबन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने/नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यालय प्रमुखले नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानून बमोजिम निश्चित समयका लागि व्यक्तिगत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

घ) नगर प्रहरी पद स्थायी हुने छैन ।

(२) नगर प्रहरीको पदपूर्तीका लागि देहाय बमोजिमको पदपूर्ती समिति रहनेछ ।

क) संयोजक- प्रमूख प्रशासकीय अधिकृत

ख) सदस्य- जिल्ला भित्र रहेका नेपाल प्रहरी/सशत्र प्रहरीको अधिकृत कर्मचारी/प्रतिनिधि

ग) सदस्य- नगरपालिकाको अधिकृत स्तरको वरिष्ठतम् अधिकृत कर्मचारी

घ) सदस्य सचिव :— प्रशासन शाखा प्रमुख

नगर प्रहरी प्रमुख बाहेकको पदपूर्तिको कार्यमा नगर प्रहरी प्रमुखलाई पदपूर्ति समितिको बैठकमा अमन्त्रण गरिनेछ । समितिले आवश्यकता अनुसार विज्ञ, कर्मचारीलाई आमन्त्रण एवं परिचालन गर्न सक्नेछ ।

३) पदपूर्ती गर्दा परिक्षाको माध्यम देहाय बमोजिम हुनेछः

(क) शारीरिक परीक्षण : शारीरिक परीक्षणको लागि दफा ७ को उपदफा १ को (ङ), (च), (छ), (ज) तथा उपदफा २ को (ङ), (च), (छ), (ज) र उपदफा ३ को (ङ), (च), (छ), (ज) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिनेछैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरेपश्चात मात्र देहाय बमोजिम मूल्यांकन गरी उम्मेदवारहरुलाई लिखित परीक्षामा समावेश गरिनेछ ।

(अ) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ ।

(आ) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ । महालक्ष्मी नगरपालिकाको बासिन्दा भएमा १० (दश) अंक, ललितपुर जिल्लाको बासिन्दा भएमा ७ अंक र बागमती प्रदेशको अन्य जिल्लाको भएमा ५ अंक प्रदान गरिनेछ ।

(इ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलमा कम्तिमा ५(पाँच) वर्ष सेवा गरेकोलाई १० अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अवधिको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

(ख) लिखित परीक्षाः लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) अन्तरवार्ताः अन्तरवार्ताको लागि पूर्णाङ्क ३० (तिस) रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम १२ (बाह्र) र अधिकतम २१ (एक्काइस) अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) परिक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) दरखास्त फाराम उपर छानविन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्रम सूची तयार गर्ने ।

(ब) नियुक्तिका लागि सिफारिस गर्ने ।

**७ योग्यता :**

**(१) नगर प्रहरी नायब निरिक्षक र सहायक निरीक्षकको पदको लागि निम्न लिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्**

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको।

**(२) नगर प्रहरी हवल्दार पदको लागि निम्न लिखित योग्यता भएका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन्ः**

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.ई.ई.उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको।

**(३) नगर प्रहरी जवान पदको लागि निम्न लिखित योग्यता भएका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन्ः**

(क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४५ वर्ष ननाघेको,

(ख) आठ कक्षा उतीर्ण,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिकको दलको सदस्य नरहेको,

(ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

झ) नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको।

(४) सबै तहका नगर प्रहरीको पुरुषको हकमा १००० मी. र महिलाको हकमा ५०० मी. दौड पुरा गर्नुपर्नेछ ।

(५) सबै तहका नगर प्रहरी पुरुषको हकमा पुरुषको तौल ५० के.जी. महिला नगर प्रहरीको हकमा कम्तिका ४२ के.जी. तौलको हुनुपर्नेछ ।

(६) दरखास्त दस्तुर समान पदतहका लागि लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।

**पुनश्चः माथि उल्लेख भएका भन्दा माथिल्लो पदका लागि तोकिए बमोजिम योग्यता रहनेछ।**

## परिच्छेद–५

## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धि व्यवस्था

८. **विज्ञापन सम्बन्धी व्यवस्था :** समितिले नगर प्रहरी पदपुर्तीको लागि विज्ञापन गर्नुपर्दा ऐन बमोजिमको ढाँचामा तयार गरी नगरपालिकाले सूचना पाटी, वेभसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्द्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नुपर्नेछ ।

९. **दरखास्त फाराम र प्रवेश पत्र सम्बन्धी व्यवस्था** : प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले तोकिए बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुभाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी समूह तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नुपर्नेछ । खुल्ला र महिला तर्फ दुवैमा दरखास्त फाराम भर्न चाहने उम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम भरिसके पछि उम्मेदवारले तोकिए बमोजिमको प्रवेश पत्र पाउनेछन ।

१०. **नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्ने :** समितिले योग्यताक्रम निर्धारण गरि सोही बमोजिम सूचिकृत समेत गरि नगर प्रहरी कर्मचारी छनौट भएको नतिजा पत्रिका वा नगरपालिकाको सूचना पाटी, वेभसाइट मार्फत प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नुपर्नेछ ।

११. **सिफारिस तथा नियुक्ति :** पदपूर्ती समितिले नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले करारमा नियुक्त गर्नु पर्नेछ ।

## परिच्छेद-६

## करार सम्बन्धि व्यवस्था

**१२. करार गर्ने :**

(१) नगरपालिकाले छनौट भई सूचिकृत गरेका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले तोकिए बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः ७ (सात) दिनको म्याद दिई वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार पश्चात तोकिए बमोजिको पत्र कार्यालयले नगर प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस ऐन बमोजिम करार गर्दा सामान्यतया आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्त सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा नगरपालिकाले कामको बोझ र अवधि हेरी करारको अवधि घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ । वा नगरकार्यपालिकाको निर्णय अनुसार सम्झौताको म्याद थप गर्न सकिनेछ ।

(६) नगर प्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त

गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

१३. **कार्य शर्त, पारिश्रमिक र अवधि :** (१) यस ऐन बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक अन्य सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करार सम्झौतामा उल्लेख भए बमोजिम भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) नगर प्रहरी प्रमुखले सम्पादित कामको नियमित प्रतिवेदन गर्नुपर्नेछ ।

(४) यस ऐन बमोजिम नगर प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि दाबी गर्न पाउँने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधि एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन ।

## परिच्छेद-७

## आचरण

१४. **दान, उपहार तथा चन्दा लिन नहुनेः** (१) नगर प्रहरीले पूर्व स्वीकृति विना स्वेदशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

(२) नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

१५. **सम्पत्तीको विवरण पेश गर्नुपर्नेः** नगर प्रहरी कर्मचारीले प्रत्येक पटक नियुक्ति भएको मितिले एक महिना भित्र तोकिएको ढाँचामा सम्पत्ती विवरण बुझाउनु पर्नेछ ।

१६. **व्यापार व्यवसाय गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

१७. **कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा नगरपालिका वा गैरसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैंले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस नियमावली बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

१८. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** (१) नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर त्यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्दैन ।

१९. **नगरपालिकाको आलोचना गर्न नहुने-** नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरीत अथवा नगरपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने संवाद, लेख, रचना प्रकाशन गर्नु हुँदैन ।

२०. **निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभावमा पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो गोप्य मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२१. **<u>राजनीतिमा भाग लिन नहुनेः</u>** नगर प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

२२. **<u>समय पालन र नियमितताः</u>** नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ ।

२३. **<u>अनुशासन र आज्ञापालनः</u>** (१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृत र प्रमुख प्रशासकीय अधिकृतलले दिएको आदेशलाई पालना गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले एकात्मक आदेश (chain of command) मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

२४. **<u>बाहिरी प्रभावमा पार्न नहुनेः</u>** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२५. **<u>मदिरा सेवन गरी ड्यूटी गर्न नहुनेः</u>** कुनै पनि नगर प्रहरी कर्मचारीले मदिरा सेवन गरी ड्यूटी गर्नु हुदैन ।

२६. **<u>हातपात वा जोरजुलुम गर्न नहुनेः</u>** कुनै पनि नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी तथा अन्य कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद-८

## <u>सजाय सम्बन्धी व्यवस्था</u>

२७. **<u>सजायः</u>** मनासिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने

(ग) तलब घटुवा गर्ने,

(घ) लापरवाहीको कारण नगरपालिकालाई हानि नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ,

(ङ) एक तह तलको पदमा घटुवा गर्ने,

(च) भविष्यमा नगरपालिकामा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

२८. **सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) सजायको प्रक्रिया अवलम्बन गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनु पर्नेछ ।

२९. **सजायको आदेश जाँचबुझको लागि दिनेः** काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजाय दिने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनुपर्नेछ ।

३०. १) दफा २७ बमोजिमको सजाय उपर चित्त नबुझ्ने नगर प्रहरी कर्मचारीले सजाय पाएको ७ दिन भित्र सजाय नपाउनु पर्ने भए सोको कारण सहित नगर कार्यपालिकामा गुनासो पेश गर्न सक्नेछ र उक्त गुनासो उपर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२) कर्तव्य पालनाको सिलसिलामा भएको हानी नोक्सानी वा क्षतिः नगर प्रहरीले कार्यालयलाई जानकारी गराई असल नियतले कामकाज गर्दा कुनै हानी वा क्षति भएमा वा स्वयंको अंग भंग हुन पुगेमा मनासिव माफिकको कारण देखिए क्षतिपूर्ति भराउने वा नभराउने उपचार सहयोग गर्नुपर्ने नपर्ने सम्बन्धमा घटना विवरणको विस्तृत विवरण प्राप्त गरि प्रशासन शाखा मार्फत प्रमुख

प्रशासकीय अधिकृतमा पेश भई निजको राय सहित नगर प्रमुख समक्ष पेश गर्नुपर्ने छ र विगो कायम गरी असुल गर्नु पर्ने देखिएमा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ तर नगर प्रहरी स्वंयलाई वा घटना स्थलमा रु ५० हजार सम्मको क्षतिपूर्ति राहत वा औषधि उपचार खर्च दिनुपर्ने देखिएमा नगर प्रमुख स्तरको निर्णय बाट टुङ्गायाउनु पर्नेछ । र सो भन्दा बढिको हकमा कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३) नगर प्रहरी पदपूर्ति सम्बन्धी थप व्यवस्था- पदपूर्तीको सूचना दरखास्त फारम करार संम्झौता र करार पत्रको ढाँचा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-९
## विविध

३१. **नगर प्रहरीको सेवा र सुविधा** : नगर प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च राशन खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा नगर कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

३२. **विदा** : नगर प्रहरीको विदा तोकिए बमोजिम हुनेछ । अन्य विदाको हकमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

३३. **पोशाक** : नगर प्रहरीले ड्युटी समयमा लगाउने पोशाक अनुसुची-१ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु नगर प्रहरीको कर्तव्य हुनेछ । प्रत्येक वर्ष नगर प्रहरीलाई १ सेट पोशाक उपलब्ध गाराइने छ । नयाँ नियुक्ती हुदाँको बखत २ सेट उपलब्ध गराईनेछ । तर नगर प्रहरीले प्राप्त गरेको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा सो को मूल्याङ्कन गरी थप उपलब्ध गराउन सकिनेछ ।

३४. **तालिमः** नयाँ नियुक्त नगर प्रहरीलाई नगरपालिका स्वयंले वा विषय क्षेत्रका सेवा प्रदायक संस्था मार्फत सेवा प्रवेश तालिम दिईनेछ । साथै आवश्यकतानुसार पूर्नताजगी तालिम समेत दिईनेछ ।

३५. **सेवा अवधि :** नगर प्रहरीको डिउटी अवधि तोकिएको बिदा बाहेक अन्य समयको हकमा २४ घण्टा नै रहनेछ ।

३६. **वाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनमा कुनै दुविधा वा कठिनाई उत्पन्न भए नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

३७. **दर्ज्यानी चिन्हः** समान पद तहको लागि नगरपालिकाले तोकेको ड्रेस कोडका आधारमा नेपाल प्रहरीले निर्धारण गरे बमोजिम हुनेछ र दर्ज्यानी चिन्ह प्रमुखको समुपास्थितिमा प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्नेछ ।

३८. **खारेजी र बचाऊ :** महालक्ष्मी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ खारेज गरिएको छ । सो कार्यविधि अनुसारका भए गरेको कार्यहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछ ।

## अनुसूची-१
## दफा ३३ संग सम्बन्धित
## नगर प्रहरी ड्रेस

रङ्ग- हरियो

| | | |
|---|---|---|
| १ नं ड्रेस (विशेष उत्सव समारोह कार्यक्रम) | | २ नं ड्रेस (फिल्ड ड्रेस) |

| क्र.स | विवरण | क्र.स | विवरण |
|---|---|---|---|
| १ | नेम ट्याग (मेटल) | १ | डाङ्ग्री (फिका हरियो कपडा) |
| २ | नगर प्रहरी ट्याग (मेटल) | २ | छालाको बुट (कालो) |
| ३ | सिठी कार्ड कालो | ३ | बेल्ट (कालो) |
| ४ | टाई | ४ | भेस्ट |
| ५ | नगर प्रहरी डिप साइन (नगरपालिकाको लोगो सहित) | ५ | नेम ट्याग (कपडाको) |
| ६ | सोल्जर ब्याच | ६ | नगर प्रहरी ट्याग |
| ७ | नगर प्रहरी सै.प्र ब्याच (नगरबासीको सेवामा समर्पित) | ७ | सिठी कार्ड कालो |
| ८ | ज्याकेट फुल बाउला | ८ | ज्याकेट |
| ९ | ह्याट र बेरेट क्याप (हेड ब्याच सहित) | ९ | क्याप (डाङ्ग्रीकै कपडाको) |
| १० | जर्सी | १० | मोजा |
| ११ | ड्रेस(सर्ट र पाइन्ट) हल्का कालो सर्टको अगाडी पहेंलो टल्कने कपडा) | ११ | दर्जा अनुसारको २ नं ड्रेसको फुली (कपडाको) |

| | | | |
|---|---|---|---|
| १२ | मोजा | | |
| १३ | दर्जा अनुसारको १ नं ड्रेसको फुली | | |
| १४ | छडी(छोटो) कमाण्डरको हकमा कमाण्डर बाहेकको हकमा लामो | | |

<u>तालिमका लागि</u>

१. खेल ड्रेस-१ जोर
२. ट्र्याक सुट-१ जोर
३. स्पोर्ट जुत्ता- १ जोर
४. क्याप- १ गोटा

**प्रमाणिकरण मिति :२०८०/१०/१७**

**आज्ञाले,**
**प्रदिप पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**